पोखरा उपत्यका साइडसिन घुम्न जाऔं
घुमाउने ठाउँहरू
बेगनास-रुपा ताल, पचभैया बन्यजन्तु पार्क (चिडिया घर), पुम्दीकोट, स्तुपा, डेभिडफल, भ्यूटावर, चमेरे गुफा, विन्दवासिनी मन्दिर, माउन्टेन म्यूजियम लगायतका ठाउँहरु साथै मुक्तिनाथ जान आउनको लागि बसको सुबिधा।
गाडी छुट्ने समय बिहान ९:३० बजे

सम्पर्कः मानसरोबर टुर्स एण्ड ट्राभल्स
061-544439, 589012, 9856051659
9856034631, 9856082622

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क २६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ माघ २६ गते शनिबार ❑ 8 Feb. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## बेलायती अधिराजकुमार र अधिराजकुमारीद्वारा परेड अवलोकन

**पोखरापत्र संवाददाता**
पोखरा, २५ माघ

संयुक्त अधिराज्य बेलायतका अधिराजकुमार एडिनब्राका ड्यूक एड्वर्ड र अधिराजकुमारी डचेस सोफीले शुक्रबार पोखरास्थित ब्रिटिस क्याम्पमा आयोजित कार्यक्रममा बेलायती सेनामा औपचारिक रूपमा सामेल भएका दुई सय ७४ नेपाली युवाले प्रस्तुत गर्नुभएको परेड अवलोकन गर्नुभएको छ।



नेपालको भ्रमणमा रहनुभएका बेलायती अधिराजकुमार एड्वर्ड र अधिराजकुमारी सोफीले वार्षिक प्रमाणीकरण परेड अवलोकनसँगै उनीहरूका परिवारजनलाई प्रत्यक्ष भेटी विभिन्न जानकारी लिनुभएको थियो। समारोहमा अधिराजकुमार एड्वर्डले भन्नुभयो, "अब तपाईं गोर्खा सैनिक बन्नुभएको छ। यस वर्ष भर्ती हुन सम्भावना बोकेका १३ हजार भन्दा बढीमध्ये केवल दुई सय ७४ नयाँ गोर्खामध्ये तपाइ एक हुनुहुन्छ। यो तपाईंको जीवनको सबैभन्दा ठूलो चुनौतीमध्ये एक रहेको छ। तपाईं आफ्नो उपलब्धिमा धेरै गर्व महसुस गर्नसक्ने अवस्थामा हुनुहुन्छ।" समारोहमा नेपालका लागि बेलायती राजदूत रोब फेन, गोर्खा ब्रिगेडका कर्नल कमान्डेन्ट मेजर जनरल स्ट्रिकल्याण्ड डिएसओ एमबीइलगायतले भर्ती भएका नयाँ सैनिकको प्रमाणीकरणको अवलोकन गर्नुभएको थियो। परेडका अवसरमा ३८ राज्याभिषेक पदक र दुई दीर्घ सेवा तथा असल आचरण पदक पनि प्रदान गरिएको थियो।

सफल हुने दुई सय ७४ प्रशिक्षार्थी एक वर्षको छनोट प्रक्रियापछि बेलायती सेनामा सामेल हुँदैछन्। उनीहरू बेलायतको क्याटरिकमा रहेको सैन्य प्रशिक्षण केन्द्र (आइटीसी) पुग्नेछन्, जहाँ उनीहरूले नौ महिना लामो प्रशिक्षणमा सहभागी हुने कार्यक्रममा जानकारी दिइयो। पोखरामा बेलायती अधिराजकुमार एड्वर्ड र अधिराजकुमारी सोफीले गोर्खा वेल्फेयर ट्रस्ट (जिडब्लुटी) एरिया वेल्फेयर केन्द्र (एडब्लुसी) मार्फत बेलायती सेनामा काम गरेकालाई नेपालमा कसरी साथसहयोग उपलब्ध गराइएको छ, भन्ने कुराको पनि प्रत्यक्ष अवलोकन गर्नुभयो। उहाँहरूले जिडब्लुटीको आवासीय गृहले गरिरहेको काम अवलोकन गर्नुभएको थियो। यहाँ २० जना सबैभन्दा कमजोर अवस्थामा रहेका भूतपूर्व गोर्खा सैनिक तथा उनीहरूका विधवाहरूलाई आवास र अन्य सहयोग उपलब्ध गराइएको छ।

बेलायती अधिराजकुमार एड्वर्ड र अधिराजकुमारी सोफी नेपालमा कदुरी कृषि सहायता सङ्घ (केएएए) को कामको बारेमा पनि जानकारी लिनुभएको थियो। आवासीय गृहको भ्रमणका क्रममा अधिराजकुमार एड्वर्ड र अधिराजकुमारी सोफीले १०४ वर्षीया आशाकुमारी तामाङलाई भेट्नुभयो। तामाङका स्वर्गीय श्रीमान्ले दोस्रो विश्वयुद्धमा चौथो गोर्खा राइफल्समा आवद्ध भई सेवा गर्नुभएको थियो।

आशा कुमारी सन् २०११ देखि सो आवासीय गृहमा बस्दै आउनुभएको छ। कार्यक्रममा उहाँले बेलायती सेनामा छनोट भएका सैनिकहरूसँग सामूहिक तस्बिर पनि खिचाउनुभएको थियो। गोर्खा वेल्फेयर ट्रस्ट भूपु गोर्खा सैनिक, उनीहरूका परिवार र समुदायलाई सहयोग गर्न समर्पित अग्रणी परोपकारी संस्था हो।

यसको स्थापना सन् १९६९ मा कल्याणकारी पेन्सनधारीहरू (एमओडी पेन्सनका लागि योग्य हुनु अगावै बेलायती सेना छोडेका) लाई आर्थिक सहायता प्रदान गर्नका लागि भएको थियो। ट्रस्टले नेपालभर उल्लेखनीय प्रभाव पारेको र प्रत्येक वर्ष वभिन्न कार्यमा खर्च समेत गर्दै आएको बताइएको छ।

## करिब ४० प्रतिशत किशोरीले 'एचपिभी' खोप लगाए

**रासस**
काठमाडौं, २५ माघ

सरकारले सञ्चालन गरेको पाठेघर मुखको क्यान्सरविरुद्धको एचपिभी खोप अभियानमा करिब ४० प्रतिशत किशोरीले खोप लगाएका छन्।

स्वास्थ्य सेवा विभागका बालस्वास्थ्य तथा खोप शाखा प्रमुख डा अभियान गौतमका अनुसार खोप सञ्चालन भएको तेस्रो दिन अर्थात् माघ २४ सम्म ३९ दशमलव ४६ प्रतिशत किशोरीले खोप लगाएका छन् जसअनुसार १६ लाख ८८ हजार ७६८ जनाले किशोरीले खोप लगाएका हुन्। "खोप अभियान उत्साजनक रूपमा चलिरहेको छ। लक्ष्यअनुसार नै सबै किशोरीलाई खोप लगाउँछौं", उहाँले भन्नुभयो।

गौतमका अनसार कोशीमा ३८ दशमलव ७, मधेशमा १९ दशमलव ९, बागमतीमा ४१ दशमलव ६, गण्डकीमा ४५ दशमलव २, लुम्बिनीमा ४९ दशमलव ७, कर्णालीमा ३७ दशमलव ७ र सुदूरपश्चिममा ३९ दशमलव ५ प्रतिशत किशोरीले खोप लगाएका छन्। जिल्लागत रूपमा सबैभन्दा धेरै अछाम जिल्लाका किशोरीले ८९ दशमलव ३ प्रतिशत किशोरीले खोप लगाएका छन्। यस्तै, बैतडीका ८२ दशमलव ७ र गोरखाका ७७ दशमलव ८ प्रतिशत किशोरीले खोप लगाएका छन्।

## समस्यालाई पहिचान गरेर समाधानका लागि एक्सनमा जान्छौं–प्रधानमन्त्री

**रासस**
काठमाडौं, २५ माघ

प्रधानमन्त्री केपी शर्मा ओलीले सेवा प्रवाह, सुशासन, समग्र प्रगति, विद्यमान चुनौती र सङ्घीय सरकारले गर्नुपर्ने सहजीकरणका विषयमा शुक्रबार सातै प्रदेशका मुख्यमन्त्रीसँग भर्चुअल बैठक गर्नुभएको छ।

सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको 'एक्सन रूम' बाट प्रधानमन्त्री ओलीले मुख्यमन्त्रीहरूसँग पहिलो पटक यसप्रकारको संवाद गर्नुभएको हो। करिब साढे दुई घण्टा भएको छलफलमा उहाँले प्रदेशका मुख्यमन्त्रीहरूसँग एक्लाएक्लै छलफल गर्नुपर्ने आवश्यकता देखिएको बताउँदै आगामी आर्थिक वर्षको बजेट निर्माणको तयारी जुट्दा थप छलफल गर्दै जाने विश्वास दिलाउनुभयो। प्रधानमन्त्री ओलीले सकेसम्म प्रदेशमै पुगेर र कतिपय प्रदेशसभामा पनि पुगेर राष्ट्र निर्माणबारे केन्द्र र प्रदेशका सोचबारे विमर्श गर्ने र समस्याको पहिचान गरी कार्यान्वयनको 'एक्सन' मा जाने जानकारी दिनुभयो। उहाँले अहिलेको सूचना र प्रविधिको जमानामा यसको उपयोग गरी जिल्ला तह र आयोजनागत रूपमा मुख्यमन्त्रीहरूले यस्ता छलफल गर्न सकिने सुझाव दिनुभयो।

प्रधानमन्त्री ओलीले आफू पहिला प्रधानमन्त्री हुँदा सिंहदरबार स्थित कार्यालयमा एक्सन रूमबाट देशभरका निर्माणाधीन आयोजनाबारे अनुगमन र छलफल गर्न थालेको स्मरण गराउँदै यस कक्षको उपयोगलाई बढाउँदै जाने बताउनुभयो। प्रधानमन्त्री ओलीले माध्यमिक शिक्षा परीक्षा, कक्षा १० (एसइई)मा ४८ प्रतिशत विद्यार्थी मात्रै उतीर्ण हुने अवस्था सुधार्न आफूले केही युवाको सहयोगमा अनलाइन माध्यमबाट मुख्य विषयमा अतिरिक्त कक्षा सञ्चालनको आरम्भ गराएको बताउँदै यसमा ५७ हजार विद्यार्थी सहभागी जानकारी गराउनुभयो। आगामी वर्षदेखि यसैवर्षदेखि यसप्रकारको तयारी गर्न मुख्यमन्त्रीहरूलाई आग्रह गर्दै प्रधानमन्त्री ओलीले विकासको आधारका रूपमा शिक्षालाई लिनुपर्नेमा जोड दिनुभयो। उहाँले डिजिटल नेपालतर्फ आफूहरू अघि बढेकाले स्वास्थ्यलगायत अन्य क्षेत्रमा पनि सूचना र प्रविधिको उपयोग गरेर जनतालाई लाभ दिन सकिने बताउनुभयो। संवादमा मुख्यमन्त्रीहरूले यस प्रकारको छलफलमा राखिएकामा आभार व्यक्त गर्दै आफ्ना सरकारले चालु आर्थिक वर्षको हालसम्म हासिल गरेका भौतिक र वित्तीय प्रगति, विद्यमान चुनौती र समस्या समाधानका उपायबारे अवगत गराउनुभएको थियो।

## गण्डकीमा बने १०४ सडक पुल, ८४ झोलुङ्गे पुल

**पोखरापत्र संवाददाता**
पोखरा, २५ माघ

गण्डकी प्रदेश सरकार बनेयता प्रदेशभित्र १०४ सडक पुल र ८४ वटा झोलुङ्गे पुल निर्माण भएका छन्। प्रदेश सरकारको लगानीमा ती पूर्वाधार आयोजना बनेका हुन्। भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयलका अनुसार सडक पुल र झोलुङ्गे पुल निर्माण प्रदेश सरकारको प्रमुख हस्तक्षेपकारी कार्यक्रम हो।

हाल ६५ वटा सडक पुल निर्माणाधीन अवस्थामा रहेको र २५ वटा सडक पुलको विस्तृत आयोजना प्रतिवेदनको तयारीको प्रक्रियामा रहेको मन्त्रालयको योजना अनुगमन, मूल्याङ्कन तथा अन्य पूर्वाधार महाशाखाका प्रमुख डा महेन्द्र बानियाँले जानकारी दिनुभयो। प्रदेशका विभिन्न स्थानमा गरी थप १७ वटा झोलुङ्गे पुल निर्माणका लागि पूर्वाधार तयारीको काम अगाडि बढेको उहाँले बताउनुभयो। प्रादेशिक सडक गुरुयोजना निर्माणमा जुटेको मन्त्रालायले सडक र पुल आयोजनामा लगानी बढाउँदै लगेको छ। प्रदेश सरकारले सबै स्थानीय तहसम्म सडक सञ्जाल पुर्‍याउने लक्ष्यका साथ सडक विस्तार तथा स्तरोन्नतिलाई तीव्रता दिएको महाशाखा प्रमुख डा बानियाँले बताउनुभयो।

'एक निर्वाचन क्षेत्र, एक सडक कार्यक्रम'अन्तर्गत ३६ सडक आयोजना सञ्चालनमा रहेको उहाँको भनाइ छ। ती आयोजनाको कूल लम्बाई ६७१ किमि रहेकामा हालसम्म २०० किमि सम्पन्न भएको र दुई सय ३१ किमि सडक स्तरोन्नतिका क्रममा रहेको जनाइएको छ। स्थानीय तहका केन्द्र जोड्ने कूल ६०७ किमि रहेकामा हालसम्म दुई सय १९ किमि सम्पन्न भई २१६ किमि सडक स्तरोन्नति भइरहेको छ। प्रदेश स्थापना भएयता सात वर्षमा कूल ९२३ किमि कालोपत्र/ढलान र ७०० किमि सडक ग्राभेल भएको छ। सडक र पुल निर्माणले सहज आवातजावत, कृषि उपजको बजारीकरण, पर्यटन प्रवर्द्धन आदिका लागि मद्दत पुर्‍याएको छ। मन्त्रालयले राष्ट्रिय राजमार्गका वैकल्पिक सडक, एक निर्वाचन क्षेत्र-एक सडक, स्थानीय तहको केन्द्र जोड्ने, अन्तरजिल्ला, अन्तरपालिका जोड्ने रणनीतिक महत्वका सडकलाई गौरवका आयोजनाका रूपमा अगाडि बढाएको छ। सडकको पहुँच पुगेपनि समयमा पुल निर्माण नहुँदा वर्षायाममा ग्रामीण भेगको यातायात सेवा प्रभावित हुँदै आएकामा पछिल्लो समय उक्त समस्या कम हुँदै गएको छ।


पुल निर्माणले गति लिन थालेपछि प्रदेशस्तरका सडकमा बाह्रैमास यातायात सञ्चालनका लागि सहजता थपिएको हो। मन्त्रालयले पुलको ठेक्का लिएर समयमा काम नगर्ने निर्माण कम्पनीलाई सचेत गराउन थालेपछि निर्माणको क्रममा रहेका पुलको कामले पनि गति लिएको छ। महाशाखा प्रमुख डा बानियाँले निर्माणाधीन अवस्थामा रहेकामध्ये ३५ सडक पुल बहुवर्षीयमा आयोजनामा समेटिएको जानकारी दिनुभयो। जिल्लास्थित पूर्वाधार कार्यालयमार्फत सडक पुल र झोलुङ्गे पुलका आयोजना कार्यान्वयन हुँदै आएको उहाँको भनाइ छ। बहुवर्षीय आयोजनाअन्तर्गत गत आवदेखि कास्कीमा तीन, स्याङ्जा, तनहुँ, लमजुङ र बागलुङमा पाँच/पाँचवटा, गोरखामा चार, नवलपुर, पर्वत, म्याग्दी र नवलपुरमा दुई/दुईवटा र मनाङमा एकवटा सडक पुल निर्माण भइरहेको मन्त्रालयले जनाएको छ।

## मुलुकमा समाजवादी क्रान्तिको सुरुवात : अध्यक्ष दाहाल

**रासस**
काठमाडौं, २५ माघ

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष तथा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले मुलुकमा समाजवादी क्रान्तिको सुरुवात भएको बताउनुभएको छ।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) काभ्रेपलाञ्चोक जिल्ला समन्वय समितिले शुक्रबार धुलिखेलमा आयोजना गरेको 'राजनीतिक तथा वैचारिक प्रशिक्षण एवं पार्टीको पालिकास्तरको नयाँ निर्वाचित समितिलाई बधाई' कार्यक्रममा उहाँले आफू तेस्रो पटक प्रधानमन्त्री हुँदा सुशासन, सामाजिक न्याय र समृद्धिको थालनी गरेसँगै समाजवादी क्रान्तिका सुरुवात भएको बताउनुभएको हो। उहाँले भन्नुभयो, "आर्थिक सङ्कट समाधान र समृद्धिका पक्षमा सरल काम गरेर नयाँ र महत्वपूर्ण सन्देश दिन सफल भएको छु।" उहाँले आफू १८ महिना प्रधानमन्त्री हुँदा गरेको कामले विस्तारै जनतामा परिवर्तन ल्याउने विश्वास व्यक्त गर्नुभयो। अब ०८४ मा बहुमत ल्याएर समाजवादतिर देशलाई डोर्‍याउने लक्ष्य रहेको उहाँले बताउनुभयो। पार्टीले प्रतिस्पर्धाकै बाटोबाट समाजवादी क्रान्तिको थालनी गरिरहेको उहाँले उल्लेख गर्नुभयो। जनताबाट ऊर्जा प्राप्त भएको बताउँदै उहाँले अब हुलाकी मार्ग र पूर्वपश्चिम मार्ग, मध्यपहाडी लोकमार्ग र हिमाली अभियान आगामी फागुन १२ गतेबाट सुरु गरिने जानकारी दिनुभयो। कार्यक्रममा पार्टीका उपाध्यक्ष एवं प्रवक्ता अग्निप्रसाद सापकोटाले वर्ग सङ्घर्षमा भन्दा अन्तरसङ्घर्षमा रम्न थालेर बिग्रेको बताउँदै अब विचार र राजनीतिलाई जोड दिन आग्रह गर्नुभयो।



# हिमालयन बोर्डिङ स्कुल र एल.पी.देवकोटा वडा अध्यक्ष कप फुटवलको फाइनलमा प्रतिष्पर्धा गर्ने

पोखरापत्र संवाददाता
पोखरा, २५ माघ

पोखरामा जारी चौथो सस्करणको अन्तरबिद्यालय वडा अध्यक्ष कप फुटवल प्रतियोगिता २०८१ अर्न्तगत शनिबार उपाधिको लागि फाइनल खेलमा हिमालयन बोर्डिङ स्कुल र एल.पी. देवकोटा मेमोरियल स्कुल बिच प्रतिष्प्रर्धा हुने भएको छ।



शुक्रबार भएको सेमिफाइनलमा जित हासिल गर्दै दुबै बिद्यालयले उपाधिको लागि फाइनलमा यात्रा तय गरेका हुन्। पोखराको ड्याम साइड क्लवको आयोजनामा गण्डकी प्रदेश प्रहरी गण (ड्यामसाइड) को खेल मैदानमा शनिबार फाइनल खेल मध्यान्हः १२:०० बजे पछि हुने तयारी गरिएको क्लवका अध्यक्ष रमेश प्रसाद बरालले बताउनु भयो। त्यसै गरी शुक्रबार भएको सेमिफाइनल खेलमा एल.पी.देवकोटा मेमोरियल स्कुलले जानकी मा.वि.लाई १–० को गोल अन्तरले पराजित गर्दै फाइनलमा यात्रा पक्का गरेको हो। एल.पी.देवकोटाको जितमा साजिन क्षेत्रीले एक निर्णायक गोल गर्नु भयो भने खेलमा एल.पी. देवकोटाकै प्रिन्स गुरुङ म्यान अफ दी म्याच घोषित हुनुभयो। अर्को खेलमा हिमालयन बोर्डिङ स्कुलले ढुंगेसाँघु बोर्डिङ स्कुललाई एकतर्फी ५–० को गोल अन्तरले पराजित गर्दै उपाधि नजिक पुगेको हो। हिमालयनको जितमा म्यान अफ दी म्याच घोषित संगम गुरुङले ह्याट्रिक गर्न सफल हुनु भयो भने रितेस आले र रिजन गुरुङले एक/एक गोलको योगदान दिनुभयो।

होटल संघ पोखरा नेपालका अध्यक्ष लक्ष्मण सुवेदी, पोखरा १७ का वडा सदस्य एवं खेल संयोजक बिक्रम गुरुङले खेलाडीलाई म्यान अफ दी म्याचको ट्रफी हस्तान्तरण गर्नु भएको थियो। तेश्रो स्थानको लागि शनिबार ८:३० बजे जानकी मावि र ढुंगेसाँघु बोर्डिङ स्कुल बिच खेल हुने भएको छ।

त्यस पछि लगत्तै पोखरा १७ का जनप्रतिनिधिहरु सहितको टोलीसंग क्लवका सदस्यहरु बिच मैत्रिपूर्ण फुटवल खेल हुने भएको प्रतियोगिताका संयोजक विनोद परियारले बताउनु भयो।

पोखरा महानगरपालिका वडा नम्बर १७ को प्रवर्द्धनमा संचालन भएको प्रतियोगिता शनिबार समापन हुने भएको हो। प्रतियोगिताको विजेता टिमले ३० हजार, उपविजेताले २० हजार, तेश्रो हुनेले १० हजार र शान्त्वना हुने टिमले भने ५ हजारको साथमा ट्रफी, मेडल र प्रमाण–पत्र प्राप्त गर्ने भएका छन्।

# बिटी कपमा दोस्रो चरणका खेल सुरु

पोखरापत्र संवाददाता
पोखरा, २५ माघ

पोखरा महानगरपालिका १ पुरानो टुंडिखेलमा जारी आठौं विरेन स्मृति १८ औं बिटी कप सेभेन ए साइड फुटबल प्रतियोगितामा शुक्रबारदेखि दोस्रो चरणका खेल सुरु भएका छन्।

'हामी एक हौं' भन्ने नारासहित क्रियाशिल बुद्धटोल युवा क्लबको आयोजनामा जारी प्रतियोगितामा दोस्रो चरण अन्तरगतको ८ खेल सम्पन्न भएको क्लबका अध्यक्ष असिम थापाले जानकारी दिए। उनका अनुसार शुक्रबार भएको खेलमा आकुरा एफसीले एन टु क्याफेलाई १-० गोल अन्तरले पराजित गर्यो। आकुराको जीतमा सौरभ पुनले निर्णायक गोल गरे। यस्तै अर्को खेलमा बिग सिटीले ठमेल एकता समुहलाई ३-० गोल अन्तरले हरायो। बिग सिटीको जीतमा आयुष थापाले ह्याट्रिक गरे। यस्तै तेस्रो खेलमा बिटी एलाई स्याङ्जा एफसीले पेनाल्टी सुट आउटमा २-१ गोल अन्तरले पराजित गर्यो। अर्को खेलमा ए सेभेन ब्रदर्शलाई क्र्यास एफसीले ३-१ गोलले पराजित गर्यो। यस्तै पाँचौ खेलमा एलसी ब्रदर्शलाई लिभिक कन्स्ट्रक्सनले २-० गोल अन्तरले हरायो।



लिभिकको जीतमा आश्मान थापा र अंकित थापाले समान १/१ गोल गरे। छैटौं खेलमा रामघाटले सम्पदा अंकित स्पोर्टस्लाई ३-० गोलले पराजित गर्यो। रामघाटको जीतमा आशिष गुरुङले २ र शिव सुवेदीले १ गोल गरे। क्र्यास एफसीको जीतमा सुरज गुरुङले २ गोल र सञ्जय लामाले १ गोल गरे। भने, ए सेभेनका लागि प्रशान्त सुनारले १ गोल फर्काए। सातौ खेलमा गोल्डेन नाइटलाई कमल पोखरीले १-० गोले हरायो।

कमलपोखरीको जीतमा मन्दिप गुरुङले निर्णायक गोल गरे। शुक्रबार भएको अन्तिम खेलमा स्मृति क्लबलाई लामा गाउँले ४-० गोल अन्तरले हयायो। लामागाउँको जीतमा लिलजंग गुरुङले २ गोल र विश्व थापा र अनुज भण्डारीले समान १/१ गोल गरे। शनिबार पनि दोस्रो चरणकै खेल हुने क्लबका सचिव रेशम सापकोटाले बताए।

उनका अनुसार कुल ४८ टिमको सहभागिता रहेको सो प्रतियोगिताको विजेताले १ लाख ८१ हजार १ सय ११ र उपविजेताले १ लाख ११ हजार १ सय ११ रुपैयाँसहित ट्रफी मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन्। उनका अनुसार प्रतियोगितामा विधागतर्फ सर्वोकृष्ट खेलाडी, गोलरक्षक, डिफेण्डर र मिडफिल्डर र सर्वाधिक गोलकर्ताले जनही नगद ७/७ हजार पुरस्कार प्राप्त गर्नेछन्। यस्तै प्रतियोगितामा अनुशासित टिमलाई ९ हजार रुपैयाँ प्रदान गरिने आयोजकले जनाएको छ।

# भारत सिक्किमको थन्डर बोल्ट आहा रारा पोखरा गोल्ड कपको क्वार्टरफाइनलमा प्रवेश गर्दै

पोखरापत्र संवाददाता
पोखरा, २५ माघ

नियमित रुपमा पोखरामा संचालन हुदै आएको आहा रारा पोखरा गोल्ड कपको २ संकरणको विजेता संकटा क्लवले पाहुना टोली भारत सिक्किमको थन्डर बोल्ट नर्थ यूनाइटेड क्लवसंग सामना गर्न सकेन्।

पोखरा रंगशालाको फुटवल मैदानमा आज (शुक्रबार) भएको अन्तिम प्रि–क्वाटरफाइनल खेल्लमा संकटा क्लवलाई ३–१ को गोल अन्तरले पराजित गर्दै थन्डर बोल्ट पोखरामा जारी २४ औं संस्करणको आहा रारा पोखरा गोल्ड कप फुटवल प्रतियोगिता २०८१ को क्वाटरफाइनलमा प्रबेश गरेको छ। आउँदो माघ २९ गते थन्डर बोल्टले उज्विकिस्तानको ब्याक बुल्स फुटवल क्लवसंग सामना गर्ने भएको छ। थन्डर बोल्टको जितमा खेलको ३५ औं मिनेटमा तलाले, खेलको



७७ औं मिनेटमा करन राईले र खेलको ८९ औं मिनेटमा आर्दश तामाङले एक/एक गोलको योगदान दिनुभयो। खेलको १७ औं मिनेटमा पहिलो गोल गरेको संकटाले पाएका केही अवसरलाई सदुपयोग गर्न नसक्दा यसपालीको आहा रारामा पहिलो चरणको खेलबाट बाहिरिनु पर्‍यो। संकटाका मनिस पौडेलले खेलको सुरुवतामै गरेको उक्त गोल शान्त्वना गोलमा परिणत भयो। संकटाका सृजन राई गौतम, अविनाश स्याङताङका केही चार्ज खेर गएका थिए। खेलमा थन्डर बोल्टका तला म्यान अफ दी म्याच घोषित हुनु भयो। पहिलो हापमा १/१ गोलले खेल बराबरीमा पुगे पनि दोश्रो हापमा भने संकटाले थन्डर बोल्टसंग सामना गर्न सकेन। अन्य दिनको तुलनामा शुक्रबारको खेल केही आक्रामक रुपमा प्रर्दशन भएको थियो। संकटाका प्रशिक्षक रविन्द्र शिलाकरले आफुहरुले पाएका केही अवसर गुमाउदा हार्नु परेको बताउनु भयो। लिग नहुदा धेरै खेलाडीहरुलाई होल्डमा राख्न नसक्दा बर्षको ३ महिनाका लागि थोरै खेलाडी धेरै ठाँउमा खेल्दा पनि समस्या भएको उहाँले जनाउनु भयो। थन्डर बोल्टका प्रशिक्षक सोनम छिरिङ भुतियाले आफुहरुसंग युवा र केही विदेशी भरपर्दा खेलाडीहरु भएकोले भाग्यले जित हासिल गरेको बताउनु भयो। आउदो खेल थप सुधार गरी खेल्ने उहाँको भनाई थियो। यस अघि उहाँको नेतृत्वमा आएको टोली प्रायः पहिलो चरणको खेलबाट पराजित भए पनि यस बर्ष राम्रो सुरुवात भएको छ। यसैबिच, शनिबार पहिलो क्वाटरफाइनल खेलमा नेपाल पुलिस क्लव बिरुद्ध वेलायतको ब्रिगेड ब्वाइज क्लव बिच हुने भएको प्रतियोगिताका संयोजक पूर्णबहादुर गुरुङले बताउनु भयो। प्रतियोगिताको मुख्य प्रायोजक हिमश्री फुड्स प्रालिको उत्पादन रारा तयारी चाउचाउ रहेको छ।

# ३३ औँ राष्ट्रिय औंद्योगिक मेलामा सयोग गर्नेलाई सम्मान

पोखरापत्र संवाददाता
पोखरा, २५ माघ

पोखरा उद्योग वाणिज्य संघको ७१औँ वर्षमा प्रवेश गरेको उपल्यक्ष्यमा संघले झण्डोत्तलन तथा सम्मान कार्यक्रम गरेको छ।

संघले आफ्नो ७१ औँ वार्षिकोत्सवको अवसरमा शुक्रबार सचिवालयमा झण्डोत्तलन तथा कार्यालय परिसर भित्र वृक्षारोपण गर्नुका साथै ३३औँ राष्ट्रिय औँधोगिक व्यापार मेला तथा आईटी महोत्सवमा सयोग गर्ने सरकारी निकायहरू विभिन्न संघ संस्था तथा व्यवसायिक प्रतिष्ठानहरूलाई सम्मान गरिएको थियो। वार्षिकोत्सवकै अवसरमा वोल्दै कास्की जिल्लाका प्रमुख जिल्ला अधिकारी भरतमणि पाण्डेले सरकार र निजि क्षेत्रसँगै मिलेर काम गर्नेुपर्ने बताउदै पाण्डेले पोखराको समग्र आर्थिक, साँस्कृतिक र शैक्षिक उन्नयनको लागि संघको भूमिका महत्वपूर्ण रहेको बताए। वार्षिकोत्सवकै अवसरमा आयोजित सम्मान कार्यक्रममा वोल्दै संघका अध्यक्ष गोर्कण कार्कीले पोखराको आर्थिक र सामाजिक विकासमा महत्त्वपूर्ण योगदान गरेको संघले यसपालि आयोजना गरेको ३३औँ राष्ट्रिय औँधोगिक व्यापार मेला तथा आईटी महोत्सव व्यवसायीको हितमा नै गरिएकोले महोत्सव सफल भएको बताउदै कार्कीले सम्पुर्ण व्यवसायीहरूको आशा अनि भरोसा रहेको संघलाई अझ क्रियाशिल तथा मजबूत र सवल रुपले अगाडि बढाउन आफु प्रतिवद्ध रहेको बताए। संघका उधोग उपाध्यक्ष तथा महोत्सवका प्रायोजन व्यवस्थापन उप समितिका संयोजक दीनेशचन्द्र बास्तोला मेला आयोजनाको क्रममा सघाउनेहरुलाई धन्यवाद ज्ञापन गर्दै उद्यमशिलता विकास तथा व्यवसायीको हितका लागि संघ निरन्तर क्रियाशिल रहने



बताए। संघको सचिवालयमा भएको झण्डोत्तलन तथा सम्मान कार्यक्रममा पुर्व अध्यक्षहरू राजेन्द्र कुमार लालचन,नारायण कोइराला लगाएतले बोलेका थिए। कार्यक्रम संघका महासचिव शोभा गौतमले सन्चालन गरेकी थिईन। कार्यक्रममा संघका पदाधिकारी, पूर्व पदाधिकारी, कार्यसमितिका सदस्य विभिन्न वस्तुगत समितिका पदाधिकारीहरू तथा साधारण सदस्यहरुको उपस्थिति रहेको थियो भने संघको ७१ औँ वार्षिकोत्सवको अवसरमा केक समेत काटिएको थियो। २००७ सालको राजनीतिक परिवर्तनपछि पोखरामा स्थापना भएको यो नै जेठो सामाजिक संस्था हो। उद्योगी/व्यवसायीहरुको हक हितको लागि २०११ साल माघ २५ गते विधिवत् रुपले संघको स्थापना भएको थियो। स्वर्गीय अमृतप्रसाद शेरचन संघका संस्थापक अध्यक्ष हुनुहुन्छ।

# निजी मेडिकल कलेजका आवासीय चिकित्सकलाई सरकारी सरह समान निर्वाह भत्ता दिने निर्णय

रासस
काठमाडौं, २५ माघ

प्रधानमन्त्री एवं अध्यक्ष केपी शर्मा ओलीका अध्यक्षतामा शुक्रबार भएको चिकित्सा शिक्षा आयोगको १६औँ बैठकले निजी मेडिकल कलेजमा अध्ययनरत आवासीय चिकित्सकलाई सरकारी सरह (आठौँ तह) को निर्वाह भत्ता उपलब्ध गराउने निर्णय गरेको छ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा भएको आयोगको बैठकमा यसअघि सम्बन्धित पक्षसँग भएका छलफल र प्राप्त प्रतिवेदनसमेतका आधारमा आवासीय चिकित्सकको समान सुविधा (मासिक रु ४८ हजार ७००) कायम गर्नुपर्ने निर्णय भएको हो। अन्य विषयमा थप छलफल गरी छिट्टै आयोगको बैठकबाट निर्णय लिने निष्कर्ष निकालिएको छ।

बैठकले सम्बन्धित कलेजमा २ वर्ष अध्ययन र कामको सम्झौता गर्न नमान्ने विद्यार्थीसँग वार्षिक रु २३ लाख शुल्क लिने विषयमा पनि छलफल भएको छ। हाल निजी मेडिकल कलेजले मासिक रु २० हजार निर्वाह भत्ता दिँदै आएका छन्। पोष्ट ग्राजुएट तहका विद्यार्थीले समान सुविधाका लागि आन्दोलन जारी राखेको र आयोगका परीक्षासमेत प्रभावित हुने स्थितिमा प्रधानमन्त्री ओलीको अग्रसरतामा समस्या समाधानको पहल भएको हो।

बैठकमा निजी मेडिकल कलेज एसोसिएनका अध्यक्ष प्रा डा ज्ञानेन्द्रमान सिंह कार्कीले कार्यविधि बनेपछि निर्णय गर्न आग्रह गर्नुभएको थियो तर आयोगका अध्यक्षसमेत रहनुभएका प्रधानमन्त्री ओली र सहअध्यक्षद्वय स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेल एवं शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराईले आवासीय चिकित्सकको समान सुविधाको प्रतिबद्धताबाट पछि हट्न नसकिने स्पष्ट गर्नुभएको थियो।

चिकित्सा शिक्षाको एकीकृत नियमन, अनुगमन, प्रवेश परीक्षा सञ्चालन, शिक्षण संस्थालाई दिइने विद्यार्थी सिट सङ्ख्या र शिक्षण शुल्क निर्धारणसम्बन्धी कार्यहरू गर्दै आएको आयोगको बैठकमा राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ मा आवश्यक संशोधनको प्रक्रिया थाल्ने विषयमा पनि छलफल भएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ।


## जलवायु परिवर्तन रोक्न सक्रिय बनौं

- जलवायु परिवर्तन र यसवाट पर्ने असरवारे सचेत गराऔं,
- वोटविरुवा लगाऔं हरियाली प्रर्वधन गरौं,
- नविकरणीय उर्जाको प्रयोग गरौं,
- फोहोरमैला व्यवस्थापनमा ध्यान दिऔं,
- जलवायु परिवर्तन अनुकूलका वाली र तरकारी लगाऔं,
- पानीका स्रोतहरूको संरक्षण गरौं,
- वनजंगलको संरक्षण गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
## माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने,महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चाहना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उतेजना नहुने आदी

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि



डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार



डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि



डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-

१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# सुन्तला खेतीमा रमाएका पूर्व शिक्षक

**रासस**
काठमाडौं, २५ माघ

म्याग्दीको सदरमुकाम बेनी बजारसँगै रहेको पर्वतको जलजला गाउँपालिका-१ बाँसखर्कको बजारमारेका जगतबहादुर खत्रीलाई चार दशकअघि सुन्तला खेती शुरू गर्दा परिवारका सदस्य र छिमेकीले भोकै बस्नुपर्ला भनेर डर देखाएका थिए ।



"सुन्तला मात्रै लगाएपछि अन्न खान पाइँदैन भनेर गाली पनि खाएँ, डर लाग्यो," खत्री भन्नुहुन्छ, "यो वर्ष मात्रै रू ४० लाखको सुन्तला बेचिसके । सबै बगैचाको बिक्री गर्दा रू ४५ लाख पुग्ने अनुमान छ ।"

खत्रीको ३६ रोपनी क्षेत्रफलमा फैलिएको जग्गामा एक हजार पाँच सय ९३ बोट सुन्तलाका बिरूवा छन् । यस वर्ष चार सय ८० बिरूवाले ३४ हजार किलोग्राम सुन्तला उत्पादन दिएका छन् । सबै बोटमा फल लाग्दा वार्षिक रू एक करोड बढीको सुन्तला बिक्री हुने उहाँ बताउनुहुन्छ । प्रतिकिलो रू एक सय २० का दरले बगैचाबाटै काठमाडौँका व्यापारीले सुन्तला किनेर लगेका छन् । यतीबेला खत्रीलाई सुन्तला टिपेर बजार पठाउने चटारो छ । बाबुबाजेले देखाएको बाटोले सेवानिवृत्त शिक्षक खत्रीको परिवारमा परिवर्तन ल्याएको हो । विसं १९९७ सालमा खत्रीका हजुरबाले बाँसखर्कमा पाँच वटा सुन्तलाका बिरूवा रोप्नुभएको थियो । त्यतिबेला निकै मिठो भएकाले धेरैले मागेर खान्थे ।

बाबु मीनबहादुर खत्रीले विसं २०३३ मा बारीमा २५ वटा बिरूवा थप्नुभयो । त्यसले पाँच वर्षमै राम्रो उत्पादन दियो । सुन्तलाले गाउँघरमै बजार पायो । सजिलै बिक्री भएपछि नगद हात पारेर घरव्यवहार चलाउन सजिलो भयो ।

विदेश जानु नपर्ने, सहर झर्न पनि नपर्ने गरी खत्री परिवारले गाउँमा सुन्तलाबाटै लाखौँ कमाइ गरिरहेका छन् । खत्रीले हरेक वर्ष बिरूवा थप्दै जानुभएको छ । पहिला कोदो, मकै र धान खेती गर्ने सबै बारीमा सुन्तलाका बोट मात्र छन् । घर र आँगनबाहेक सबै खेतबारीमा सुन्तला हुर्केका छन् । नजिकैको खरबारीसमेत भरिएको छ ।

पैतीस वर्ष शिक्षक रहँदा खत्रीले गाउँमै बसेर सुन्तलामा लगानी गर्नुभएको थियो । निवृत्त जीवन पनि उहाँले सुन्तला खेतीमै लगाउनुभएको छ । चार छोरी विवाह गरेर घर गए । स्नातक पढेका छोरा राजन, बुहारी सहित खत्रीका सबै परिवार सुन्तला खेतीमा तल्लीन छन् ।

खत्री मात्र नभएर बाँसखर्कका धेरै कृषकले सुन्तला खेतीलाई मुख्य आम्दानीको स्रोत बनाएका छन् । बीस रोपनीमा नौ सय ५० बोट सुन्तला लगाएका बाँसखर्कका शान्तबहादुर छिन्तेलले रू २३ लाख र आठ सय बोटको बगैँचा भएका हेमकुमार अर्मजाले रू ३० लाखको सुन्तला बिक्री भएको बताउनुभयो ।

समुन्द्र सतहदेखि एक हजार एक सयदेखि एक हजार नौ सय मिटर उचाईमा रहेको बाँसखर्कका दुई सय ३९ मध्ये दुई सय घरपरिवारले सुन्तला खेती गरेका छन् । एक वटा परिवारले वार्षिक कम्तीमा रू पाँच लाखको सुन्तला बेच्छन् ।

बाँसखर्कको एक हजार पाँच सय रोपनी जग्गामा सुन्तला खेती भएको वडा अध्यक्ष जगबहादुर रोकाले बताउनुभयो । छब्बीस हजार सात सय छ वटा बोटमा यस वर्ष रू १८ करोड ४४ लाख मूल्य बराबरको सुन्तला फलेको उहाँले बताउनुभयो । बाँसखर्कमा ५१ हजार एक सय ५१ सुन्तलाका बोट छन् । चौबीस हजार चार सय ४५ बोट सुन्तलाका बोटमा फल लाग्न बाँकी छ ।

देशका अन्य ठाउँको बगैचा रित्तिएपछि व्यापारीहरूले बाँसखर्कको सुन्तला किनेर लैजान्छन् । पोखरा, काठमाडौँ र चितवनका ठूला व्यापारी बाँसखर्कमा सुन्तला किन्न आउँछन् । बेनी देखि बगरफाँट हुँदै बाँसखर्क जोड्ने सडक स्तरोन्नति, सिचाइँको नियमित र व्यवस्थित सुविधा हुने हो भने थप सुन्तला खेती विस्तार गरेर आम्दानी वृद्धि गर्न सकिने बाँसखर्कका कृषकले बताएका छन् ।

# घान्द्रुक पर्यटन व्यवस्थापन समितिको च्यारिटी डिनरमा उठ्यो ४ लाख १७ हजार

**पोखरापत्र संवाददाता**
पोखरा, २५ माघ

कास्कीको अन्नपूर्ण गाउँपालिका-१०/११ स्थित घान्द्रुकमा आगामी फागुन ७ देखि १० गतेसम्म हुने घान्द्रुक पर्यटन महोत्सवको सन्दर्भमा पोखरामा च्यारिटी डिनर कार्यक्रम सम्पन्न भएको छ ।




घान्द्रुक पर्यटन व्यवस्थापन समितिले पोखरामा बिहीबार महोत्सवको सन्दर्भमा च्यारिटी डिनर कार्यक्रम आयोजना गरेको महोत्सव संयोजक अमृत गुरुङले जानकारी दिए ।

'घान्द्रुक पर्यटन महोत्सवको सन्दर्भमा पहिलो पटक हामीले च्यारिटी डिनर आयोजना गरेका हौं', संयोजक गुरुङले भने, 'सबै मौसममा पर्यटन भन्ने मूल नाराका साथ घान्द्रुक पर्यन व्यवस्थापन समितिको आयोजनामा आगामी फागुन ७ देखि १० गतेसम्म घान्द्रुक पर्यटन महोत्सव आयोजना गरेका छौं ।'

उनका अनुसार पोखरामा आयोजना गरेको च्यारिटी डिनरमा ४ लाख १७ हजार ४ सय ११ रुपैयाँ रकम संकलन भएको छ । कार्यक्रममा गायिका प्रिया गुरुङ, उषा गुरुङ सांगीतिक प्रस्तुति र आदिमकला मञ्च सांस्कृतिक नृत्य प्रस्तुत गरेका थिए ।

घान्द्रुक पर्यन व्यवस्थापना समितिको आयोजनामा आगामी फागुन ७ देखि १० गतेसम्म घान्द्रुक पर्यटन महोत्सव खुल्ला क्लबस्तरीय पुरुष भलिबल प्रतियोगिता, भेन्ट्रान्स भलिबल, घोडा दौड छेलो लगायतका प्रतियोगिता आयोजना गरिएको छ। क्लबस्तरीय भलिबल र खुल्ला बास्केटबल प्रतियोगिताको विजेताले क्रमशः १ लाख २२ हजार २ सय २२ र उपविजेताले ७७ हजार ७ सय ७७ रुपैयाँसहित ट्रफी मेडर र प्रमाणपत्र प्राप्त गर्ने लामा अमृत फाउण्डेशन घान्द्रुकका संस्थापक एवम् महोत्सव संयोजक गुरुङले जानकारी दिए ।

उनका अनुसार भलिबल र बास्केटबल प्रतियोगितामा सहभागिता जनाउन एक समूहलाई ६/६ हजार शुल्क निर्धारण गरिएको छ ।

प्रतियोगिताको दुवै विधामा सेमिफाइनलबाट बाहिरिने दुवै समूहलाई नगद १०/१० हजार पुरस्कार प्रदान गर्ने गुरुङले जानकारी दिए । क्लबस्तरीय भलिबल प्रतियोगितामा आठौं र नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता खेलेका २ जना खेलाडी मात्र समावेश गर्न पाईने आयोजकले जनाएको छ । यस्तै महोत्सवमा आयोजित भेन्ट्रान्स भलिबल प्रतियोगिताको बिजेताले नगद ३० हजार उपविजेता टिमले २० हजार रुपैयाँ पुरस्कार प्राप्त गर्नेछन् । भेन्ट्रान्स भलिबलमा सहभागिताका लागि एक समूहलाई ३ हजार रुपैयाँ शुल्क निर्धारण गरिएको छ ।

यस्तै महोत्सवमा आयोजित घोडादौड प्रतियोगितामा प्रथम हुनेले ६० हजार, दोस्रो हुनेले ४० हजार, तेस्रो हुनेले २० हजार पुरस्कार प्राप्त गर्नेछन् । महोत्सवको पत्येक साँझ सास्कृतिक कार्यक्रमहरु समेत आयोजना गरिएको आयोजकले जनाएको छ ।

कास्कीको अन्नपूर्ण गाउँपालिका १०/११ स्थित घान्द्रकमा एकैदिन २ हजार ५ सय पर्यटकलाई राख्न सक्ने क्षमताको ६० वटा होटल र ३० वटा होमस्टे सञ्चालनमा रहेको घान्द्रुक पर्यटन व्यवस्थापन समितिका अध्यक्ष विक्रम गुरुङले जानकारी दिए ।

# मातृभूमि मा.वि.को वार्षिकोत्सव सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, २५ माघ

हरिनास गाउँपालिका स्याङ्जको मातृभूमि माध्यमिक विद्यालयको ६३ औं बार्षिकोत्सव एवम् अभिभावक दिवस शुक्रबार सम्पन्न भएको छ ।



विद्यालयका वि.व्य.स. अध्यक्ष लिल बहादुर थापाको अध्यक्षतामा र हरिनास गाउँपालिकाका अध्यक्ष खिम नारायण मानन्धरको प्रमुख अतिथि, हरिनास गाउँपालिकाका वडा नं. ४, का वडा अध्यक्ष सन्त बहादुर थापाको विशिष्ट अतिथ्यतामा सम्पन्न भएको थियो । उक्त कार्यक्रम सञ्चालन शिक्षक हेम बहादुर राना र शिक्षिका दुरपति थापाले गरेका थिए भने स्वागत मन्तव्य शिक्षक ध्रुव प्रसाद रेग्मीले गरेका थिए ।

विद्यालयको वार्षिक प्रतिबेदन विद्यालयका प्र.अ. सुशील चन्द्र न्यौपानेले प्रस्तुत गर्दै शैक्षिक सत्र २०८० मा एस.ई.ई तर्फ ३.४० जिपिए प्राप्त गर्ने विद्यार्थी दिपशिखा थापा र कक्षा १२ को बोर्ड परीक्षामा ३.६५ जिपिए प्राप्त गर्ने दिपिका राना हरिनासमा प्रथम भएको जानकारी गर्दै हामी संख्यात्मक रुपमा भन्दा पनि विद्यार्थीको गुणस्तरमा जोड दिने कुरा अभिब्यक्त गरे । विद्यालयले फरक खालको अभ्यास गर्दै कार्यक्रममा चित्रकला र स्थानीय सामाग्रीको प्रर्दशन गरेको कुरा शुभकामना मन्तव्य राख्दै अतिथिहरुले प्रशंसा गरे । साथै कार्यक्रममा विद्यार्थीहरुले विविध सांस्कृतिक एवम् मनोरन्जनात्मक क्रियाकलाप प्रस्तुत गरेका थिए ।

सो अवसरमा शिक्षक विनोद शाही र शिक्षक रिम बहादुर राना उत्कृष्ट वर्ष शिक्षकको रुपमा सम्मानित भए भने एस.ई.ई परीक्षामा र कक्षा १२ को बोर्ड परीक्षामा सतप्रतिशत विद्यार्थी पास गराउन सफल छ जना शिक्षकहरु, अक्षयकोष दाताहरु, भु.पु. प्र.अ. लगायत व्यक्तिहरुलाई सम्मान गरिएको लेखापाल मुक्त बहादुर रानाले बताए ।

# झाडी फाँडेर १४० रोपनीमा ओखरखेती

**पोखरापत्र संवाददाता**
बागलुङ, २५ माघ

बागलुङ नगरपालिका-९ दुर्लेनीका किसानले झाडी फाँडेर ओखरखेती थालेका छन् । उनीहरूले एक सय ४० रोपनीमा दुई हजार २०० ओखरका बिरुवा हुर्काएका छन् ।

दुर्लेनी सामुदायिक कृषि तथा जडीबुटी समूहमार्फत ओखरखेती थालेको समूहका अध्यक्ष देवबहादुर खड्काले जानकारी दिनुभयो । हाल ओखरखेतीमा १७ जना युवक संलग्न छन् । ओखरखेतीका लागि प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना बागलुङले पनि सहयोग गरेको छ । ओखर फलाउन किसानको रु १४ लाख र प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाबाट रु १० लाख अनुदान गरी रु २४ लाख लगानी भएको छ । प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाका प्रमुख नारायण पौडेलले उर्लेनी क्षेत्र ओखरखेतीका लागि उपयुक्त रहेको र किसानले माग गरेअनुसार अनुदान उपलब्ध गराएको बताउनुभयो ।

"परियोजनाले कश्मिरी लोकल र थिन्सेल जातको बिरुवा सिफारिस गरेको थियो, उहाँहरूले बैतडीबाट बिरुवा ल्याएर लगाउनु भएको छ, बिरुवा हुकिएका छन्", उहाँले भन्नुभयो ।

# विद्यार्थीलाई प्राविधिक शिक्षा छात्रवृत्ति

**पोखरापत्र संवाददाता**
तनहुँ, २५ माघ

जिल्लाको भानु नगरपालिका कार्यालयले २६ जना विद्यार्थीलाई प्राविधिक शिक्षा छात्रवृत्ति प्रदान गरेको छ । नगरपालिका मातहत रहेका तेह्र वटा वडाबाट दुई जनाका दरले जनही एक लाख ५० हजारका दरले छात्रवृत्ति उपलव्ध गराएको हो ।

गरिब तथा जेहेन्दार विद्यार्थीलाई तीनवर्षे प्राविधिक शिक्षा हासिल गर्न प्रोत्साहनस्वरूप रकम प्रदान गरिएको प्रमुख प्रशासकीय अधिकृत गौतम भण्डारीले जानकारी दिनुभयो। नगरपालिकाले विद्यार्थीको प्राविधिक शैक्षिक गुणस्तर वृद्धिका लागि पञ्चवर्षीय योजनाका साथ योजना कार्यान्वयन गर्दै आएको छ । भानु नगरपालिकाभित्र रहेका सबै सामुदायिक विद्यालयमा इन्टर नेटको पहुँच पुऱ्याइएको प्रमुख आनन्दराज त्रिपाठीले जानकारी दिनुभयो । स्थानीय पाठ्यक्रम 'हाम्रो भानु' (कक्षा १-८) निर्माण र प्रयोग हुनुका साथै स्थानीय विषयको कक्षा १ देखि ८ सम्मका पाठ्यपुस्तक निर्माण गरी सबै विद्यालयमा निःशुल्क वितरण गरिएको छ । कक्षा १ देखि ८ सम्म पाठ्यपुस्तक निर्माण गर्ने भानु गण्डकी प्रदेशमा पहिलो पालिका बनेको भानु नगर उपप्रमुख उमा गोतामेले जानकारी दिनुभयो । आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क दिने सरकारको नीतिलाई कार्यान्वयन गर्नका लागि आधारभूत तह कक्षा १-८ सम्मका सबै परीक्षाको जिम्मा भानु नगरपलिकाले लिएको छ । विद्यालयका सबै परीक्षामा प्रश्नपत्र र उत्तरपुस्तिका नगरपालिकाबाट उपलब्ध गराइने भएको छ । आधारभूत तहका बालबालिकाले परीक्षाको नाउँमा कुनैपनि शुल्क तिर्नु नपर्ने सामाजिक विकास समितिका संयोजक एवं वडा नं १० का वडाध्यक्ष हरिहर उप्रेतीले बताउनुभयो ।

नेपाल सरकारले बालविकास केन्द्रदेखि कक्षा ५ सम्मका लागि प्रति दिनप्रति व्यक्ति रू १५ का दरले दिवाखाजाका लागि अनुदान दिइरहेकोमा भानु नगरपालिकाले रू पाँच थप गरी प्रतिव्यक्ति रू २० पुऱ्याइ कक्षा ६ सम्म विस्तार गरेको छ । भानु नगरपालिकाअन्तर्गत सञ्चालित सामुदायिक विद्यालयमा कार्यरत बाल विकास केन्द्रका सहयोगी कार्यकर्ता तथा कर्मचारीलाई नेपाल सरकारले तोके अनुरूपको न्यूनतम् पारिश्रमिक उपलब्ध गराइएको उहाँले बताउनुभयो ।


# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बढ्ने | तुला | : सत्कार मिल्नेछ |
| वृष | : शुभ यात्रा | वृश्चिक | : आर्थिक समस्या |
| मिथुन | : स्वास्थ्यमा सुधार | धनु | : शारीरिक झमेला |
| कर्कट | : कार्यमा सफलता | मकर | : मानसिक तनाब |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : ब्यापारमा लाभ |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : शत्रुको भय |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।


# सामुदायिक विद्यालयमा मगर भाषाको पढाइ

**पोखरापत्र संवाददाता**
तनहुँ, २५ माघ

तनहुँको व्यास नगरपालिका-१४ केशवटार स्थित केशवटार माध्यमिक विद्यालयमा पहिलो पटक मगर भाषाको पढाइ सुरू भएको छ ।



व्यास नगरपालिका र नेपाल मगर सङ्घ व्यास नगर समितिको समन्वयमा यस विद्यालयमा मगर भाषाको पढाइ सुरू गरिएको हो । मगर समुदायका विद्यार्थीहरूलाई मगर भाषा सिकाउने र पुस्तान्तरण अभियानका साथ मगर भाषाको कार्यान्वयनलाई प्राथमिकता दिने उद्देश्यले व्यास नगरपालिकामा पहिलो पटक केशवटार माविबाट मगरभाषाको पढाई सुरू गरिएको हो । उक्त विद्यालयमा नेपाल मगर सङ्घले बनाएको नीति र स्थानीय पाठ्यक्रम अनुसार कक्षाहरू सञ्चालन गरिएको छ । केशवटार माविको कक्षा १ मा मगर भाषाको पढाइ थालिएको हो । मगर भाषाको पाठ्यक्रम र पाठ्यपुस्तकको कार्यान्वयनको शुभारम्भ नगरप्रमुख वैकुण्ठ न्यौपानेले गर्नुभयो । मगर भाषाको पढाइ सञ्चालनका लागि नगरपालिकाकै सहयोगमा पहिलो चरणमा शिक्षकहरूलाई पाँच दिने तालिम प्रदान गरिएको थियो । मगर भाषा संरक्षणका लागि नगरपालिकाले मगर समुदायको बाहुल्यता भएका विद्यालयमा मगर भाषामा पढाइ सञ्चालन गर्ने नीति लिएको छ ।

तालिम प्राप्त शिक्षकहरूले विद्यालयहरूमा मगर भाषामा कक्षाहरू सञ्चालन गर्नेछन् । पठनपाठनलाई सहज बनाउन र प्रभावकारी बनाउन विशेष तालिम प्रदान गरिएको थियो । यस प्रक्रियाले भाषा संरक्षणमा मद्दत पुऱ्याएको र सिकाइमा प्रभावकारिता ल्याएको नेपाल मगर सङ्घका केन्द्रीय निर्वाचन समितिका संयोजक सिद्धान्त थापाले बताउनुभयो । तालिममा मगर भाषाको पाठ्यक्रमको बारेमा याम बहादुर आले, इन्द्र बहादुर आले, अमर थापा, नन्दु थापा, यामलाल थापा, तिलबहादुर थापा र अनुराज थापाले प्रशिक्षण दिनुभएको थियो । तालिममा मगर बाहुल्यता भएका सामुदायिक विद्यालयका शिक्षक शिक्षिकाहरूले सहभागिता जनाएका थिए ।

# जानकी माविको वार्षिकोत्सव सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, २५ माघ

पोखरा महानगरपालिका वडा नं. १७ महतगौडास्थित जानकी माध्यामिक विद्यालयको ४७ औं बार्षिकोत्सव विविध कार्यक्रम सहित सम्पन्न भएको छ।

सो अवसरमा कक्षातग तथा अतिरिक्त कृयाकलापमा प्रथम, द्धितीय तथा तृतीय हुने विद्यार्थीलाई पुरस्कार वितरण गरिएको थियो । गण्डकी प्रदेश सभा सदस्य भिम कार्कीले बार्षिकोत्सव कार्यक्रमको उद्घाटन गर्दै सामुदायिक विद्यालयमा विद्यार्थीको आकर्षण बढाउन गुणस्तरीय शिक्षामा जोड दिनु पर्ने बताउनुभयो। विद्यालयमा सरकारी लगानी अनुसारको शैक्षिक गुणस्तर कायम हुन नसकेको विषयमा चर्चा गर्दै उहाँले त्यसका लागि शिक्षक, अभिभावक र विद्यार्थी बिच त्रिकोणात्मक प्रयासको खाँचो औल्याउनुभयो । पोखरा १७ का वडाअध्यक्ष राधिका शाही योगीले सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा सुधार हुँदै आएको संकेत देखिन थालेको बताउँदै थप प्रयासमा जुट्न विद्यालय परिवारलाई आग्रह गर्नुभयो । वडास्तरबाट विद्यालयलाई आवश्यक सहयोग गर्ने प्रतिवद्धता उहाँको थियो ।



विद्यालयको शैक्षिक एवम् आर्थिक विकासमा योगदान पुऱ्याउनु हुने विभिन्न संघसंस्था तथा व्यक्तिहरुलाई दोसल्ला र सम्मानपत्रले सम्मान गरिएको कार्यक्रममा विद्यार्थीले विविध सांस्कृतिक कार्यक्रम प्रस्तुत गरेका थिए । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नगेन्द्र गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा महानगरका वरिष्ठ शिक्षा अधिकृत कृष्णप्रसाद भण्डारी, फलेपाटन माविका प्रधानाध्यापक गुरुदत्त कोइराला, नेकपा एमालेका विक्रम गुरुङ, नेपाली कांग्रेसका डिआर भट्टराई, रास्वपाका नुरबहादुर विक लगायतले शिक्षाको महत्व माथि चर्चा गर्नुभएको थियो ।

विद्यालयका प्रधानाध्यापक अर्जुन कडेलले बार्षिक प्रगति र लेखा सहायक अमित बानियाले आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुभएको गर्नुभएको कार्यक्रम सहायक प्रअ कमल आचार्यले स्वागत एवम् शिक्षक तुलसी गिरीले सञ्चालन गर्नुभएको थियो ।



टपरी बुन्न सिक्दै विद्यार्थी : तनहुँको व्यास नगरपालिका-१२ छिर्कनेस्थित शुक्रबार सालको पातबाट टपरी बुन्ने सीप सिक्दै अमरज्योति माध्यमिक विद्यालयका विद्यार्थी । विद्यालयले अतिरिक्त क्रियाकलाप अन्तर्गत विद्यार्थीलाई विभिन्न सीप सिकाइरहेको छ। तस्बिर : कृष्ण न्यौपाने / रासस

# कार्यालय प्रमुख नहुँदा न काम भयो न कर्मचारीले तलब पाए

जनक श्रेष्ठ
लमजुङ, २५ माघ/रासस

बैंसीसहर नगरपालिका वडा नं ८ फुलबारी चोकस्थित जिल्ला मालपोत कार्यालयमा कार्यालय प्रमुख नहुँदा कर्मचारीले दुई महिनादेखि तलब पाएका छैनन् भने यहाँबाट प्रवाह हुने सेवा प्रभावित भएको छ।

कार्यालय प्रमुख बिहिन हुँदा यस कार्यालयका कर्मचारीले पुस र माघ महिनाको तलब पाउन सेकेका छैनन् । गत मङ्सिरमा भीष्मकुमार मल्ल कार्यालय प्रमुख भएर आउनुभएको थियो । उहाँ गत पुस १४ गते सरूवा भएर गएपछि करिब एक महिनाअघि पोखराबाट रामचन्द्र अधिकारीलाई यस मालपोतमा प्रमुखका रूपमा तोकिए पनि उहाँ हालसम्म हाजिरी हुन आउनुभएको छैन । कर्मचारीले तलब नपाउने मात्र होइन कार्यालय प्रमुख नहुँदा नामसारी, घरजग्गासम्बन्धी अन्य कामहरू एवं आर्थिक कारोबारलगायत काम रोकिएको छ । सेवाग्राहीले समस्या भोग्नु परेको निमित्त कार्यालय प्रमुख पूर्णबहादुर गुरूङले बताउनुभयो । उहाँले भन्नुभयो, “यतिका समय हुँदा पनि प्रमुख आउनु भएन, सर्म्पक बिहिन जस्तै हुनुभएको छ, यहाँ नआउने भए सरूवा फिर्ता लिए हुन्थ्यो, कि आउने भए बेलैमा आए कर्मचारीले तलब पाउने थिए, सेवाग्राहीले सेवाहरू प्राप्त गर्ने थिए ।” गुरूङलाई निमित्त कार्यालय प्रमुख तोकिए पनि उहाँलाई आर्थिक एवं महत्त्वपूर्ण कार्याहरू गर्ने अधिकार दिएको छैन ।

सेवाग्राहीका महत्त्वपूर्ण काम गर्न आफूलाई अधिकार नभएकाले समस्या भइरहेको उहाँले बताउनुभयो । उहाँका अनुसार २६ जना दरबन्दी रहेको यस कार्यालयमा जम्मा ८ जना मात्रै दरबन्दीका कर्मचारी रहेका छन् । गुरूङले भन्नुभयो, “यसअघि पनि कार्यालय प्रमुख नहुँदा आफू असारदेखि मङ्सिरसम्म निमित्त कार्यालय प्रमुख भएर जिम्मेवारी सम्हालेको र त्यो बेलामा अरू कोही कार्यालय प्रमुख नआएको तथा न तोकेकाले अधिकार मैले पाएको थिए । तर अहिले उपसचिव अधिकारीलाई नै प्रमुख तोकेर पोखराबाट सरूवा गरेर यहाँ खटाएकाले आफूलाई अहिले सबै अधिकार नहुँदा विभिन्न समस्या उत्पन्न भइरहेकाले सम्बन्धित निकायमा पटकपटक खबर गर्दै आए पनि सुनुवाई हुन सकेको छैन ।”

यस मालपोत कार्यालयमा एक वर्षदेखि पटक पटक कार्यालय प्रमुख फेरिदै आउनुभएको छ । पछिल्लो एक वर्षमा मात्र जिल्ला मालपोत कार्यालयमा तीन जना प्रमुखको आगमन तथा सरूवा भएको छ । कार्यालयमा प्रमुख एक महिनाभन्दा बढी नटिक्दा सेवाग्राही समस्यामा परेको उनीहरूको दुःखेसो छ ।

यस वर्ष चिरिञ्जीवी पौडेल कार्यालय प्रमुख भएर आउनुभयो तर एक महिनामै सरूवा हुनुभयो । त्यसपछि जेठसम्म निमित्तको भरमा कार्यालय सञ्चालन भयो । जेठ महिनामा हरेन्द्रकुमार श्रेष्ठ आउनुभयो, तर असार महिनामै सरूवा हुनुभयो । त्यसयता चार महिना निमित्तको भरमा सेवा प्रवाह हुँदैआएको थियो । पछिल्लो पटक गत मङ्सिरमा भीष्मकुमार मल्ल कार्यालय प्रमुख भएर आउनु भए पनि उहाँ पनि पुस महिनामै सरूवा हुनुभयो । त्यसयता कार्यालय प्रमुखमा कोही आउनुभएको छैन। प्रमुखका रूपमा कास्कीबाट अधिकारीलाई सरूवा गरिए पनि उहाँ लमजुङमा हाजिर नहाउँदा समस्या भएको हो ।

यहाँ कार्यालय प्रमुखसँगै खरिदार ५ जना, कम्प्युटर अपरेक्टर एक जना, लेखापाल एक जना, तानासु (टाइसिन) एक जना, कार्यालय सहयोगी एक जना खाली रहँदै आएको निमित्त कार्यालय प्रमुख गुरूङको भनाइ छ । उहाँले भन्नुभयो, “दरबन्दीअनुसार कर्मचारी कम हुँदा सेवाप्रवाहमा समेत समस्या तथा कर्मचारीलाई बढी भार हुने गरेको छ।”

# महिला टी-ट्वान्टी श्रृङ्खलाको उपाधि थाइल्याण्डलाई

रासस
काठमाडौं, २५ माघ

महिला टी-ट्वान्टी श्रृङ्खलाको थाइल्याण्डले जितेको छ। अन्तिम खेलमा नेपाललाई सात विकेटले पराजित गरेसँगै थाइल्याण्डले उपाधि चुमेको हो ।

थाइल्याण्ड श्रृङ्खलामा खेलेका ६ खेलमध्ये पाँचमा जित तथा एकमा हार बेहोर्दै १० अङ्कका साथ शीर्ष स्थानमा रह्यो। यस्तै नेदरल्याण्ड्स ६ खेलमा चारमा जित तथा दुईमा हार बेहोर्दै आठ अङ्कका साथ दोस्रो स्थानमा रह्यो । नेपाल भने प्रतियोगितामा अङ्कबिहीन रह्यो । नेपाल आफ्ना सबै ६ खेलमा पराजित रह्यो । नेपालले आफ्नो अन्तिम खेलमा थाइल्याण्डलाई जितका लागि ८२ रनको लक्ष्य दिएको थियो । कीर्तिपरस्थित त्रिवि क्रिकेट मैदानमा नेपाली टोलीकी कप्तान इन्दु बर्माले टस जितरे पहिला ब्याटिङ रोजेकी थिइन् । नेपालले निर्धाति २० ओभरमा सात विकेट गुमाएर ८१ रन बनायो ।

नेपालका लागि सम्झना खड्काले १७, कविता जोशीले १४, राजमती ऐरीले अविजित ११ तथा कप्तान इन्दु बर्माले १० रन बनाइन् ।

बलिङतर्फ थाइल्याण्डकी ओनिचा कामचोम्फुले तीन तथा चानिदा सुत्थीरुआंग, नाट्टाया बुचाथम र सुलेपोर्न लाओमीले समान एक एक विकेट लिइन् ।

बयासी रनको विजयी लक्ष्य थाइल्याण्डले १७ ओभरमा तीन विकेट गुमाएर पूरा गऱ्यो । थाइल्याण्डका लागि कप्तान नारुइमोल चाइवाईले अविजित २७, नान्नापत खोन्चरोएन्कले २३ तथा नाट्टाया बुचाथमले ११ रन बनाइन् । बलिङतर्फ नेपालका लागि कप्तान इन्दु बर्माले दुई तथा पुजा महतोले एक विकेट लिइन् ।

नेपाल यसअघि नेदरल्याण्ड्ससँग २० रन, १५ रन र १० विकेटले तथा थाइल्याण्डसँग चार विकेट र पाँच रनले पराजित भएको थियो ।

# ‘गोर्खा सेनाको गौरवशाली इतिहास’

पोखरापत्र संवाददाता
पोखरा, २५ माघ

संयुक्त अधिराज्य बेलायतका अधिराजकुमार एडिनब्राका ड्यूक एड्वर्ड र अधिराजकुमारी डचेस सोफीले गोर्खा सेनामार्फत बेलायत-नेपाल मित्रताको गहिरो सम्बन्धको प्रत्यक्षदर्शी बन्नुभएको छ।

सो अवसरमा शुक्रबार पोखरामा उहाँहरुले भूपू गोर्खा र उहाँहरूका घरपरिवारलाई प्रदान गरिएको हेरचाहदेखि प्रमाणीकरण परेडमा छनोट प्रक्रियाको अन्तिम चरणमा पुगेका नेपाली युवाका लागि रहेको महत्वपूर्ण क्षणको अवलोकन गर्नुभयो ।

जहाँबाट बेलायती सेनामा भर्ना हुने २७४ नेपालीको सैन्य पेशागत जीवन सुरु भएको छ। औपचारिक कार्यक्रमपछि, अधिराजकुमार र अधिराजकुमारीले नयाँ भर्ना भएका केही युवाका परिवारका सदस्यसँग भेटघाट पनि गर्नुभएको यहाँस्थित बेलायती दुतावासले जनाएको छ। यस वर्ष, अत्यधिक प्रतिस्पर्धात्मक भर्ती प्रक्रिया पछि ती २७४ जना प्रशिक्षार्थी राइफलम्यान बेलायती सेनामा सामेल हुनेछन् । गोर्खा सेनाको ब्रिगेड ब्यान्डको नेतृत्वमा परेडको मार्च-आउटमा नेपालभरबाट



आएका नयाँ भर्ती भएकाका परिवारका सदस्य उपस्थित रहेका थिए। समारोहमा अधिराजकुमारले भन्नुभयो, “अब तपाईं गोर्खा सैनिक बन्नुभएको छ। यस वर्ष भर्ती हुन सम्भावना बोकेका १३ हजारभन्दा बढीमध्ये केवल २७४ नयाँ गोर्खामध्ये एक हुनुहुन्छ । यो तपाईंको जीवनको सबैभन्दा ठूलो चुनौतीमध्ये एक रहेको छ। तपाईंहरु आफ्नो उपलब्धिमा धेरै गर्व महसुस गर्न सक्ने अवस्थामा हुनुहुन्छ।” सफल हुनपुगेका २७४ जना प्रशिक्षार्थी राइफलम्यान एक वर्ष लामो कठोर, खुला र पारदर्शी छनोट प्रक्रिया पछि बेलायती सेनामा सामेल हुँदैछन् । उहाँहरू बेलायतको क्याटरिकमा रहेको सैन्य प्रशिक्षण केन्द्र (आइटीसी) पुग्नुहुनेछ, जहाँ उहाँहरू नौ महिना लामो प्रशिक्षणमा सहभागी हुनुहुनेछ । समारोहमा उपस्थित अन्य व्यक्तित्व नेपालका लागि बेलायती राजदूत रोब फेन; गोर्खा ब्रिगेडका कर्नल कमान्डेन्ट मेजर जनरल स्ट्रिकल्याण्ड डिएसओ एमबीइ; गोर्खा ब्रिगेडका डेपुटी कर्नल कमान्डेन्ट मेजर जनरल द लर्ड ल्यान्कास्टर टिडी पीसी; ब्रिटिश गोर्खा नेपाल (बिजीएन) का कमाण्डर कर्नल ड्यान रेक्स एमभिओ; र बिजीएनका डेपुटी कमाण्डर लेफ्टिनेन्ट कर्नल राजेशकुमार गुरुङले भर्ती भएका नयाँ सैनिकको प्रमाणीकरणको अवलोकन गर्नुभएको थियो । परेडमा गोर्खा र ब्रिटिश कर्मचारीलाई ३८ राज्याभिषेक पदक र दुई वटा दीर्घ सेवा तथा असल आचरण पदक पनि प्रदान गरिएको थियो ।

गोर्खा वेल्फेयर ट्रस्ट (जिडब्लुटी) “एरिया वेल्फेयर केन्द्र“ (एडब्लुसी) कास्कीमा अधिराजकुमाररराजकुमारीलेसंयुक्त अधिराज्यले विभिन्न परोपकारी संस्थामार्फत बेलायती सेनामा काम गरेकाहरुलाई नेपालमा कसरी साथ सहयोग उपलब्ध गराइएको छ भन्ने विषयसमेतको प्रत्यक्ष अवलोकन गर्नुभयो । उहाँहरूले जिडब्लुटीको आवासीय गृहले गरिरहेको काम हेर्न पनि केही समय बिताउनुभयो, जहाँ २० जना सबैभन्दा कमजोर अवस्थामा रहेका भूतपूर्व गोर्खा सैनिक वा उहाँहरूका विधवालाई आवास र अन्य सहयोग उपलब्ध गराइएको छ । यसका साथै, उहाँहरूले नेपालमा कदुरी कृषि सहायता सङ्घ (केएए)को कामको बारेमा जानकारी प्राप्त गर्नुभएको थियो ।

आवासीय गृहको भ्रमणका क्रममा अधिराजकुमार र राजकुमारीले १०४ वर्षीया आशाकुमारी तामाङलाई भेट्नुभयो, उहाँको श्रीमान्ले दोस्रो विश्वयुद्धमा चौथो गोर्खा राइफल्समा आवद्ध भई सेवा गर्नुभएको थियो । उहाँ सन् २०११ देखि त्यस आवासीय गृहमा बस्दै आउनुभएको छ ।

# भारतीय अण्डा भित्रिएपछि नेपाली बजार प्रभावित

रासस
चितवन, २५ माघ

भारतीय सीमा क्षेत्रबाट अबैध रूपमा सेतो अण्डा भित्रिएपछि चितवनको अण्डा बजार प्रभावित भएको छ। यही कारण लामो समयपछि लागत मूल्य पाउन सफल कुखुरापालक किसान निराश भएका छन् ।

नेपाल लेयर्स कुखुरा पालक सङ्घका अध्यक्ष विनोद पोखरेलका अनुसार भारतीय सीमा क्षेत्र र नजिकका बजारहरूमा सेतो अण्डा भित्रिएपछि बजार प्रभावित भएको हो । उहाँले भन्नुभयो, “सीमा क्षेत्रमा ३० प्रतिशत हाराहारी सेतो अण्डा देखिएको छ ।” रोगको सङ्क्रमणका कारण कानुनी रूपमा प्रतिबन्धित अण्डा निर्वाध रूपमा सीमा क्षेत्र पार गरेर आएको किसानहरूको गुनासो छ। पोखरेलले किसानले लागत मूल्य पाएर केही हदसम्म राहत पाउन थालेको बेला एकाएक भारतीय अण्डा भित्रिएपछि बजारमा समस्या देखिएको बताउनुभयो। यसअघि पनि बेलाबेलामा समस्या आउँदा गृह प्रशासनको ध्यानाकर्षण गराएपछि समस्या केही हदसम्म समाधान हुने गरेको उहाँको भनाइ छ। सङ्घका महासचिव भेषराज अर्यालका अनुसार एक महिना अघिसम्म प्रतिक्रेट (३० वटा) अण्डाको फार्म मूल्य रू ५१५ मा बिक्री भएकामा यो रेट घटेर रू ३७० मा झरेको थियो । माघ २१ गतेदेखि ठूला अण्डा प्रतिक्रेट रू ४०० पुगेको छभने मझौला रू ३८५ रहेको छ । मुख्य रूपमा भारतीय अण्डाको प्रवेशसँगै पर्यटकको आगमनमा कमी, स्कुल, कलेजमा जाडो बिदा, बढी जाडो, स्वस्थानी व्रतलगायत कारण अण्डाको मूल्यमा गिरावट आएको अर्याल बताउनुहुन्छ । क्रमशः बजार सुधार भएर मूल्य बढ्न थालेको भन्दै उहाँले सीमा क्षेत्रमा कडाइ गरिएमा अण्ड ाले लागत मूल्य पाउने बताउनुभयो ।

अण्डा उत्पादन र बजारीकरण गर्दै आउनुभएका युवा व्यवसायी अमोद खनालका अनुसार नेपालमा अण्डाको लागत मूल्य प्रतिगोटा रू १६ दशमलव ५६ पर्न आउँछ । लामो समय अण्डाले मूल्य नपाउँदा धेरै किसान विस्थापित भइसकेको उहाँ बताउनुहुन्छ । उहाँले भन्नुभयो, “सरकारले भारतीय अवैध अण्डा रोक्नुपर्छ । जसले नेपालको आत्मनिर्भर बनेको अण्डा उत्पादन क्षेत्रलाई जीवित राख्छ ।” सशस्त्र प्रहरी बलका प्रवक्ता प्रहरी नायब महानिरीक्षक कुमार न्यौपानेका अनुसार सीमा क्षेत्रबाट कुनै पनि अवैध वस्तु भित्र्याउन पाइन्छ । गुनासो आएको भन्दै कडाइका साथ रोक्न निर्देशन दिई सकिएको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, “अण्डाका विषयमा गुनासो आएको छ। यससम्बन्धी ध्यानाकर्षण भएर आवश्यक निर्देशन भइसकेको छ।” खुल्ला सिमाना भएकाले काममा कठिनाइ भएको भन्दै उहाँले यद्यपी मिलेमतोमा अवैध रूपमा अण्डा भित्रन नदिइने बताउनुभयो । नेपालमा अहिले दैनिक ३२ लाख गोटा हाराहारी अण्डा उत्पादन हुँदै आएको अनुमान छ ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं १८ स्थित कृषि सडक देखि गुरुकुल बाटो ढलानमा तपसिल बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालामा जानकारीका लागि यो सार्वजनिक सूचना जारी गरिएको छ।**

**योजनाको नाम**: कृषि सडकदेखि गुरुकुल बाटो ढलान
**उपभोक्ता समितिको नाम**: कृषि सडकदेखि गुरुकुल बाटो ढलान निर्माण उपभोक्ता समिति
**योजनाको कुल लागत**: रु. ७,०५,८९३।०८
**सम्झौता मिति**: २०८१/०९/२५
**योजना सुरू मिति**: २०८१/०९/२६
**योजना सम्पन्न भएको मिति**: २०८१/१०/२२
**वडा कार्यालयबाट प्राप्त हुनुपर्ने रकम** : रु. ६,००,०००।-
**उपभोक्ता समितिबाट**: रु. १,०५,८९३।०८
**जम्मा खर्च**: रु. ७,०५,८९३।०८
**उपभोक्ता समितिका पदाधिकारी**
**अध्यक्ष**: सुशील ज्वारचन
**सचिव**: चन्द्र पुरी
**कोषाध्यक्ष**: लीलादेवी चुवाई
**जम्मा सदस्य संख्या** : ७ जना
**महिला सदस्य संख्या** : २ जना
**पुरुष सदस्य संख्या** : ५ जना

**अनुगमन समिति**
**संयोजक**
सुरज अधिकारी
**सदस्य**:
सुदर्शन अधिकारी
विन्दु क्षेत्री
**वडा प्रतिनिधि**
नवराज सुवेदी